**ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल RCHDC, अर्घाखाँची**
**सन्धिखर्क नगरपालिका -१, अर्घाखाँची**

## सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित भएको मिति २०८१/०८/२७

सिलबन्दी दरभाउपत्रको सुचना नं.:RCHDC/SQ/VITA/GOAT-BUCK/081-82/01

मालारानी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी र ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल RCHDC, अर्घाखाँचीको सहजिकरणमा मालारानी गाँउपालिकामा संचालित मालारानी कृषि तथा पशु उद्यमशिलता विकास परियोजना अन्तर्गत प्रजनन प्रयोजनका लागी बिउ बाखा तथा पाठी र बोका खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य कृषि तथा पशु पंक्षी फर्म, कृषि समुह, सहकारी तथा अन्य आपूर्तिकर्ताहरुबाट रितपुर्वक सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**<u>सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण</u>**

| क. सं. | वस्तु / सामग्री को विवरण | परिमाण | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र मान्य हुने अवधि | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रजनन् प्रयोजनका लागि बाखा तथा पाठी | ११५ | ४८५००।०० | १,०००।०० | सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिन हुनेछ । | २०८१/०९/ ११ गते कार्यालय समय साँझ ४:०० बजे भित्र । | २०८१/०९/१२ गते मध्यान्ह १२.०० बजे सम्म । | २०८१/०९/ १२ गते अपरान्ह २.३० बजे । |
| २ | प्रजनन् प्रयोजनका लागि बोका | २८ | | | | | | |

१. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक दरभाउपत्र दाताहरुले थप जानाकारीको लागी ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल RCHDC, अर्घाखाँचीको मुख्य कार्यालय सन्धिखर्क नगरपालिका १, शान्ति टोल वा कार्यालयको फोन नं०७७-४२०७६८, मोवाइल न ९८४९७२५१७५ वा इमेल vita.rchdc@gmail.com मा सम्पर्क राख्न सक्नेछन ।

२. योग्य दरभाउपत्रदाताले मिति २०८१।०८।२७ गते सुचना प्रकाशन गरेको मितिले १५ दिन अर्थात २०८१।०९।११ गतेका दिन कार्यालय समय भित्रमा १००० रुपैया फिर्ता नहुने दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित लिखित निवेदन ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल RCHDC अर्घाखाँची सन्धिखर्क नगरपालिका १ शान्ति टोलमा रहेको मुख्य कार्यालय वा मालारानी ३ खनदह ढुङ्गागाडेमा रहेको फिल्ड कार्यालयबाट शिलबन्दी दरभाउपत्र सम्बन्धि कागजात खरिद गर्न सक्नेछन ।

३. शिलबन्दी दरभाउपत्र सुचना प्रकाशन गरेको मितिबाट कम्तिमा १६ औ दिन अर्थात २०८१।०९।१२ गते दिनको १२:०० बजे भित्र RCHDC नेपाल अर्घाखाँची को मुख्य कार्यालय सन्धिखर्क नगरपालिका १ शान्ति टोलमा पेश गर्नु पर्नेछ । उल्लेखित समय भन्दा ढिलो गरि प्राप्त भएका दरभाउपत्र अस्विकृत गरिनेछ ।

४. प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु २०८१।०९।१२ गते दिनको २:३० बजे उपस्थित हुन चाहाने आपुर्तिकर्ताका प्रतिनिधिहरुको रोहोबरमा RCHDC नेपालको मुख्य कार्यालय सन्धिखर्क नगरपालिका १ मा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिन देखी गणना हुने गरि कम्तिमा ४५ दिन हुनु पर्नेछ । दरभाउपत्रको साथ रु ४८,५००। अक्षरुपी अडचालिस हजार पाँच सय मात्र दरभाउपत्र जमानत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ। दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा नेपाल ईन्भेस्टमेन्ट मेगा बैक लिमिटेड सन्धिखर्क शाखामा रहेको RURAL COMMUNITY HEALTH DEVELEPMENT CENTER(VITA) को चल्ति खाता नं ०९३०१०५०२५०५०४ मा जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछिको लगत्तै कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मिति देखि गणना गरिनेछ ।

६. शिलबन्दी दरभाउपत्र सम्बन्धि अन्य शर्तहरु शिलबन्दी फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने वा प्रक्रिया रद्ध गर्ने सर्वाधिकार ग्रामिण तथा सामुदायिक स्वास्थ्य विकास केन्द्र नेपाल RCHDC अर्घाखाँचीमा निहित रहनेछ ।